# नौगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## होपरीगाड, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

**खुला प्रतियोगितात्मक परीक्षाद्वारा शिक्षक पदपूर्ती सम्बन्धी दरखास्त आह्वान गरिएको सूचना**
**मितिः २०८२/०४/२०)**

यस गाउँपालिका भित्रका विभिन्न सामुदायिक विद्यालयमा रिक्त रहेको **निम्नमाध्यमिक तह शिक्षक** पदको **खुला प्रतियोगितात्मक परीक्षाद्वारा** पदपूर्ती गर्नुपर्ने भएकाले नौगाड गाउँपालिकाको **"शिक्षण सिकाइ सहयोग अनुदान कोटामा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि-२०७९"** बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न बमोजिमको शुल्कमा तोकिए बमोजिमको फाराम भरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दरखास्त बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। विज्ञापनको सूचना गाउँपालिकाको वेवसाइट www.naugadmun.gov.np मा पनि हेर्न सक्नु हुनेछ।

<u>पहिलो पटक प्रकाशित विज्ञापन</u>

| विज्ञापन नं. | पद | तह | विषय | किसिम | संख्या |
|---|---|---|---|---|---|
| ०१-२०८२/०८३ | शिक्षक | निम्नमाध्यमिक तह (कक्षा ६-८) | नेपाली | खुला | १ |

<u>द्रष्टव्यः</u>

१. **परीक्षाको किसिमः** परीक्षाको किसिम तथा अंकभार शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार हुनेछ।
२. **परीक्षा केन्द्रः** नौगाड गाउँपालिकाको सभाहल
३. **परीक्षा मितिः** अर्को सूचना मार्फत जानकारी गरिनेछ।
४. **दरखास्त दस्तुरः**
   - निम्नमाध्यमिक तह (कक्षा ६-८) का लागि रु १०००/-
५. **दरखास्त दिने अन्तिम मितिः** २०८२/०५/३ गते कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)
६. **दरखास्त दस्तुर बुझाउने स्थान/माध्यमः** नौगाड गाउँपालिका राजश्व शाखा अथवा, **Email** बाट फाराम बुझाउनेहरुका लागि नौगाड गाउँपालिकाको **ग्लोबल आई.एम.ई. बैंकमा रहेको ग-१.१ आन्तरिक राजश्व नौगाड खाता नं. ६४०४०१००००००७** मा तोकिए बमोजिमको दरखास्त दस्तुर बुझाई बैंक दाखिला गरेको सक्कलै भौचर कार्यालयमा पेश गर्नुपर्नेछ।
७. **उम्मेदवारको उमेरको हदः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८. **तलब भत्ता तथा अन्य सुविधाः** नौगाड गाउँपालिका गाउँ कार्यपालिकाले तोके अनुसार
९. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः**
   क) **निम्नमाध्यमिक तह (कक्षा ६-८)** का लागि सम्बन्धित विषयमा प्रविणताप्रमाणपत्र तह उपाधी प्राप्त गरेको।
१०. **दरखास्त आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**
   क) नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
   ख) शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि,
   ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि,
   घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति
११. **दरखास्त फाराम पाइने स्थानः** नौगाड गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, होपरीगाड, दार्चुला तथा गाउँपालिकाको वेवसाइट www.naugadmun.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ।
१२. **दरखास्त बुझाउने स्थानः** नौगाड गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, होपरीगाड, दार्चुला। साथै ईमेलबाट पनि दरखास्त बुझाउन सकिनेछ, जसको लागि शिक्षा, युवा तथा खेलकुद शाखाको Email: doenaugad@gmail.com मा ईमेल गर्न सकिनेछ।

८२/०४/२०

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत